# निर्वाचन शिक्षा तथा सूचना केन्द्रको भ्रमण गर्न आउनु हुने समूह सदस्यहरु तथा टोली नेताहरुले पालन गर्नुपर्ने आचारसंहिता

'निर्वाचन शिक्षा तथा सूचना केन्द्र' यहाँहरूलाई स्वागत छ। भ्रमणका क्रममा निर्वाचन र निर्वाचन प्रक्रियाबारे विविध जानकारी प्राप्त गर्न सकिनेछ। यो केन्द्र भ्रमणका लागि टेलिफोनमार्फत् अग्रिम बुकिङ गर्न सकिनेछ। विभिन्न संघसस्था तथा स्कुलबाट भ्रमणमा पाल्नुहुने महानुभावहरूको संख्या ४० जनामा सीमित राख्नुहोला। केन्द्रमा रहनुहुँदा देहायअनुसार गर्नुहुन सविनय अनुरोध छ :

- *आफ्नो मोबाईलको स्वीच अफ गर्नुहुन वा 'साइलेन्ट मोड' मा राख्नुहुन अनुरोध छ।*
- *कुनै प्रकारको खानेकुरा तथा पेय पदार्थ यस केन्द्रमा ल्याउन पूर्ण बन्देज गरिएको छ।*
- *टोली नेताले आफ्नो समूह सदस्यहरूको अनुशासन कायम गर्न एवं अवाच्छित गतिविधि नियन्त्रण गर्न पूर्ण जिम्मेवार हुनुपर्दछ। यदि कसैको गलत कार्यबाट केन्द्रको कुनै सम्पत्ति तथा उपकरणहरूको क्षति हुन गएमा टोलीनेता आफै जिम्मेवार हुनुपर्ने छ।*
- *निर्वाचन आयोग परिसर एवं 'निर्वाचन शिक्षा तथा सूचना केन्द्र' भित्र मदिरा सेवन गर्न तथा धुम्रपान गर्न पूर्ण बन्देज लगाइएको छ।*
- *'निर्वाचन शिक्षा तथा सूचना केन्द्र' भित्रका गतिविधिहरूको श्रव्य दृष्य छायांङकन गर्न तथा भिडियो क्यामेराको प्रयोगलाई निषेध गरिएको छ। यदि कसैले तस्बिर खिच्नु परेमा केन्द्रमा खटिएका कर्मचारीहरूको पूर्वस्वीकृति लिन अनिवार्य छ।*
- *यस केन्द्रले उपलब्ध गराउने जानकारीहरू तन्मयका साथ ग्रहण गर्नुहोला।*
- *यस केन्द्रमा जडित उपकरणहरु अत्याधुनिक र अत्यन्त संवेदनशील भएकोले जतनसाथ सही तरिकाले उपयोग गर्न सबैमा अनुरोध छ। यदि तपाईलाई उपकरणहरूको प्रयोगबारे आवश्यक जानकारी नभएमा प्रशिक्षकसँग सहयोग माग्न नभुल्नुहोला।*
- *बुकिङ गरेकै समयमा उपस्थित हुन अनुरोध छ। यदि अग्रिम बुकिङमा हेरफेर गर्नु परेमा वा रद्द गर्नु परेमा २४ घण्टा अगावै अनिवार्य जानकारी गराउन हुन अनुरोध गरिन्छ।*

यस केन्द्र तपाईहरूमा रहेका निर्वाचन र लोकतन्त्रसँग सम्बन्धित जिज्ञासा एवं प्रश्नहरू माथि आवश्यक छलफल गर्न-गराउन उत्प्रेरित गर्दछ।

-निर्वाचन शिक्षा तथा सूचना केन्द्र